DeKalb County
School District

आदरणीय आमाबुवा र परिवारहरू,

DeKalb County School District (DCSD) ले घर र विद्यालयबिचको स्पष्ट र पहुँचयोग्य सञ्चारलाई महत्व दिन्छ र सबै परिवारलाई महत्त्वपूर्ण जानकारीमा पहुँच सुनिश्चित गर्न प्रतिबद्ध छ। हामी तपाईंलाई तपाईंको बच्चाको विद्यालयमा उपलब्ध दोभाषे सेवाहरूका बारेमा जानकारी गराउन चाहन्छौं।

निम्न भाषाका सेवाहरू उपलब्ध छन्:

| DeKalb County School District द्वारा प्रदान गरिएको दोभाषे सेवाहरू | |
|---|---|
| **बैठकहरूका लागि दोभाषे सेवाहरू** | DCSD ले बैठकहरूका लागि दोभाषे प्रदान गर्छ। तालिकाबद्ध बैठकका लागि दोभाषे अनुरोध गर्न, कृपया बैठकअघि आफ्नो बच्चाको विद्यालयमा सम्पर्क गरेर दोभाषेको अनुरोध गर्नुहोस्। |
| **DCSD हेल्प लाइन फोन दोभाषे** | छोटो, अनियोजित वा आपत्कालीन कलहरूका लागि विद्यालयका कर्मचारीहरूको DCSD हेल्प लाइन (अन्तर्राष्ट्रिय विद्यार्थी स्क्रिनिङ केन्द्रमा अवस्थित भएको) मा पहुँच छ। |
| **फोन-मार्फत दोभाषे** | DCSD ले 240 भन्दा बढी भाषाहरूमा प्रत्यक्ष दोभाषेलाई फोनमा पहुँच प्रदान गर्न ELSA Lite एप, ELSA ल्यान्डलाइन र भाषा लाइन समाधानहरूको प्रयोग गर्छ। |
| **एकतर्फी दोभाषे/ फोन कलहरू** | कुनै शिक्षक वा विद्यालयका कर्मचारीले तपाईंलाई संक्षिप्त वा अनियोजित जानकारी पठाउन सम्पर्क गर्न आवश्यक छ भने, उहाँहरूले घरमा फोन कल गरेर सहयोग गर्न दोभाषे अनुरोध गर्न सक्नुहुन्छ। |
| **शिक्षकसँग सञ्चार** | शिक्षकहरूले आमाबुवा र परिवारहरूसँग दैनिक सञ्चार प्रदान गर्ने विभिन्न अनुप्रयोगहरू प्रयोग गर्नुहुन्छ। यी धैरै एप्लिकेसनले अनुवादित सन्देशहरू दिने क्षमता प्रदान गर्छ कृपया थप जानकारीका लागि आफ्नो बच्चाको शिक्षकलाई सम्पर्क गर्नुहोस्। |

हामी प्रभावकारी सञ्चार तपाईंको बच्चाको सफलताका लागि महत्वपूर्ण छ र तपाईंलाई आफ्नो बच्चाको शिक्षाका बारेमा पूर्ण रूपमा जानकारी गराउन यी सेवाहरू प्रयोग गर्न प्रोत्साहित गर्छौं भनी विश्वास गर्छौं।

तपाईंलाई विद्यालय बाहिर थप सहयोग/मार्गदर्शन चाहिन्छ भने, कृपया (678) 676-6602 मा अङ्ग्रेजी अध्ययनकर्ता विभागलाई सम्पर्क गर्नुहोस्।

***कृपया तलको कार्ड काट्नुहोस् र आफ्नो बच्चाको विद्यालयमा दोभाषे अनुरोध गर्न ल्याउनुहोस्:***

---

DeKalb County
School District

**LANGUAGE ASSISTANCE NEEDED**

***English Learners Department***

**HELLO!** I am a parent/guardian of a DeKalb County School District student and I speak ______________________.
I need assistance in my native language.

**PARENTS OR STAFF:** If you have any questions, please call the Interpretation and Translation Unit at **678-676-6602.**